

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २३ गते शुक्रबार ❑ 9 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पश्चिम सेती र पञ्चेश्वर निर्माणपछि समृद्धि आउने छ: प्रधानमन्त्री

रासस
काठमाडौं, २२ मंसिर

प्रधानमन्त्री शेरबहादुर देउवाले पश्चिम सेती र पञ्चेश्वरजस्ता विकासका योजनाको निर्माण पूरा भएपछि विकास र समृद्धि आउने बताउनुभएको छ ।

बिहीबार धनगढीमा सुरु भएको सुदूरपश्चिम महोत्सवको उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री देउवाले पश्चिम सेती जलविद्युत् परियोजना निर्माण गर्ने भारतीय कम्पनीले अनुमतिपत्र लिइसकेकाले छिट्टै आयोजनाको निर्माण पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले पश्चिम सेती, चमेलिया जलविद्युत् परियोजना, रानी जमरा कुलरिया, महाकाली सिँचाइ आयोजना र पञ्चेश्वर जस्ता योजनाको निर्माणलाई सरकारले प्राथमिकता दिएको बताउनुभयो । पर्यटन तथा कृषिको विकासमार्फत आर्थिक समृद्धि गर्न सकिनेमा जोड दिनुहुँदै उहाँले विकासका लागि प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिनुभयो। कोरोना महामारीले थला परेको उद्योग व्यवसायलाई माथि उठाउन सरकार गम्भीर रहेको बताउँदै प्रधानमन्त्री देउवाले सुदूरपश्चिमको कृषि तथा पर्यटन विकासका लागि महोत्सवले टेवा पुऱ्याउने बताउनुभयो । यस क्षेत्रलाई आर्थिक केन्द्रकारुपमा विकास गर्नु आजको आवश्यकता रहेको उहाँको भनाइ छ । सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले प्रदेशको विकासका लागि महोत्सवले टेवा पुऱ्याउने बताउनुभयो । श्रम तथा रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले उद्योग व्यवसायलाई सशक्त र व्यवस्थित बनाउन सरकारको ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले अर्थतन्त्रमा पछिल्लो समय देखिएको समस्या समाधान गर्न सरकार गम्भीर भएर लागेको दाबी गर्नुभयो । देशमा पुँजी परिचालन अपेक्षाअनुसार हुन नसक्दा समस्या भइरहेको उहाँको भनाइ थियो ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले प्रदेशमा लगानी भित्र्याउनका लागि लगानीकर्तालाई जग्गाको उपलब्धता, लगानीको सुनिश्चितता र सुरक्षाको प्रत्याभूति आवश्यक रहेको बताउनुभयो। समारोहमा कैलाली उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्पराज कुँवरले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पेस गर्नुभयो । उक्त अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई प्रधानमन्त्री देउवाले सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

समृद्ध सुदूरपश्चिमका लागि आर्थिक समृद्धि भन्ने नारासहित सुरु भएको महोत्सव पुस २ सम्म सञ्चालन हुनेछ । महोत्सवमा झण्डै चार सय व्यापारिक कक्ष राखिएको छ । सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग, पर्यटन, कला संस्कृति र व्यापार व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले २०६३ सालदेखि हरेक वर्ष सुदूरपश्चिम महोत्सवको आयोजना हुँदै आएको छ । महोत्सव कोरोना महामारीका कारण भने विगतमा दुई वर्ष हुन सकेको थिएन ।

## मानव अधिकारका विषयमा सरकार साथमा रहने मन्त्री श्रेष्ठको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर




"न्याय सम्मान र मर्यादित रोजगार हामी सबैको सारोकार" मूल नाराका साथ डिसेम्बर १०, २०२२ मा मनाउन लागिएको ७४ औं अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा पोखरामा बिहिबार मंसिर २२ गते रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

प्रदेश सरकार गण्डकी प्रदेश पोखरा, मानव अधिकार महाभेला गण्डकी प्रदेश, पोखरा र राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशको आयोजनामा भएको रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक गण्डकीका संयोजक शिव खकुरेलले जानकारी दिनुभयो। कार्यक्रम रक्त संचार सेवा गण्डकीको प्राविधिक सहयोगमा गरिएको हो । यसअघि कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका मन्त्री मेखलाल श्रेष्ठले पहिलो रक्तदाता जिवनराम तिवारीलाई ब्लड व्याग हस्तान्तरण गर्दै रक्तदानसँगै मानव अधिकार महाभेलाको उद्घाटन गर्नुभयो ।

सो अवसरमा मन्त्री श्रेष्ठले कसैको जिवन बचाउन रक्तदान जस्तो उत्तम दान अर्को कुनै नभएको बताउनु भयो । उहाँले भन्नुभयो, यसका बारेमा हामी सबैले बुझ्नुपर्छ र अरुलाई पनि बुझाउनु पर्छ । समय समयमा रक्तदान गरे स्वस्थता पनि कमाईने र अरुको ज्यान पनि जोगाउन सकिने भएकोले महत्वपूर्ण भएको बताउनु भयो ।

मन्त्री श्रेष्ठले अरुको ज्यान बचाउनका लागि दिन सकिने अंग दानका लागि कस्तो नीति अपनाउनु पर्ने हो सरकारले सोचिरहेको बताउनु भयो । उहाँले प्रदेश सरकारले रगतलाई निःशुल्क गर्नुपर्छ भन्ने मान्यता राखेर गएको फागुन १ गतेबाट निःशुल्क रगत पाउने सक्ने व्यवस्था मिलाएको बताउनु भयो । उहाँले मानव अधिकार वा जनचासोका विषयमा सरकार जहिले पनि साथमा रहेको प्रतिवद्धता पनि व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग गण्डकीका प्रमुख मायादेवी शर्माले आफुलाई पनि बचाउन र अरुलाई पनि बचाउन यस्ता कार्यक्रम सहयोगि हुने बताउनु भयो । गण्डकी प्रदेश प्रहरी कार्यालयका एसपि खड्ग बहादुर खत्रीले यस प्रकारका कार्यक्रमले समाजमा राम्रो छाप पार्ने बताउनु भयो । यो मानव अधिकारको विषय पनि हो, सबै स्वस्थ हुने पाउने अधिकार मानव अधिकारको विषय भएकोले रक्तदान गेरर अरुको जिवन जोगाउने महान कार्यमा सबैले सहभागिता जानाउनु पर्ने बताउनु भयो । उहाँले मानव अधिकारको रक्षाका लागि नेपाल प्रहरी सदैव सचेत रहेको बताउनु भयो ।

विशेष अतिथि मुख्यमन्त्री कार्यालयका सचिव मनमाया पंगेनी भट्टराईले रक्तदान एक पवित्र कार्य भएकोले आजको दिन मर्यादित महिनावारी दिवश पनि भएकोले महत्वपूर्ण रहेको बताउनु भयो। कार्यक्रमका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकार गठन गर्न दुई वा बढी दलको समर्थन अपरिहार्य

रासस
काठमाडौं, २२ मंसिर

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेनन् ।

निर्वाचन अयोगका अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ स्थानमध्ये कांग्रेस सबैभन्दा बढी ५७, त्यसपछि बढी एमाले ४४, माओवादी केन्द्र १८, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात, लोकतान्त्रिक समाजवादी पार्टी नेपालले चार, नागरिक उन्मुक्ति पार्टीले तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी र जनमत पार्टीले एक/एक तथा स्वतन्त्र पाँच उम्मेदवार विजयी भएका छन् ।

यसैगरी समानुपातिकतर्फको एक सय १० सिटमध्ये एमालेले ३४, कांग्रेसले ३२, माओवादी केन्द्रले १४, राष्ट्रिय स्वतन्त्र पार्टीले १३, राष्ट्रिय प्रजातन्त्र पार्टीले सात, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले पाँच/पाँच स्थान हासिल गरेका छन् । प्रत्यक्षतर्फ संसद् मा प्रतिनिधित्व गरेका अन्य दलले समानुपातिकतर्फ भने एक सिट पनि हासिल गर्न सकेनन् । यस निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी कूल दुई सय ७५ सिटमध्ये सबैभन्दा बढी कांग्रेसले ८९, त्यसपछि एमालेले ७८, माओवादी केन्द्रले ३२, राष्ट्रिय स्वतन्त्र पार्टीले २०, राष्ट्रिय प्रजातन्त्र पार्टीले १४, जनता समाजवादी पार्टी नेपालले १२ र जनमत पार्टीले छ स्थान प्राप्त गरेका छन् । अन्य दलको भने प्रत्यक्ष सिट मात्र कायम छ ।

कूल दुई सय ७५ सिटको बहुमत अर्थात् एक सय ३८ सिट कुनै पनि दलले प्राप्त गर्न नसकेका कारण संविधानअनुसार नयाँ सरकार गठनका लागि दुई वा सोभन्दा बढी दलले बहुमत पुऱ्याउनुपर्नेछ । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि अपनाइएको समानुपातिक निर्वाचन प्रणालीका कारण निर्वाचनमा कुनै एक दललाई दुई तिहाइ र बहुमत प्राप्त गर्न गाह्रो हुने राजनीतिक विश्लेषकको भनाइ छ ।

## एमालेले डाक्यो सचिवालय बैठक

रासस
काठमाडौं, २२ मंसिर

नेकपा (एमाले) ले शुक्रबार सचिवालय बैठक डाकेको छ । एमालेका प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले समसामयिक राजनीतिक विषयवस्तुमा छलफल गर्न बैठक डाकिएको जानकारी दिनुभयो । उहाँका अनुसार बैठकमा समानुपातिकतर्फका सांसदको छनोट, निर्वाचन समीक्षालगायतका विषयमा छलफल गरिने छ ।

निर्वाचन आयोगले बुधबार राजनीतिक दललाई पत्र पठाउँदै समानुपातिकतर्फको सांसदको नाम पठाउन निर्देशन दिएको छ। एमालेले प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा ४४ सिट र समानुपातिकतर्फ ३४ सिट प्राप्त गरेको छ ।

## पार्टीभित्रको खबरदारी स्वाभाविक : सभापति लामिछाने

रासस
भरतपुर, २२ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीभित्रको खबरदारी स्वाभाविक भएको बताउनुभएको छ ।

भरतपुरमा पत्रकारसँग कुरा गर्दै उहाँले पार्टी विधि र पद्धतिभन्दा बाहिर गएर कुनै पनि निर्णय नहुने बताउनुभयो । बढी मत आएकालाई छाडेर कम मत आएकाहरुलाई समानुपातिक सांसद बनाउन लागेको भन्दै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महिनावारीका विषय शैक्षिक पाठ्यक्रममा समावेश गर्नुपर्छ : सांसद भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

नवनिर्वाचित नेकपा एमालेकी प्रतिनिधिसभा सांसद विद्या भट्टराईले महिला प्रजननसंग जोडिएको महिनावारीको विषयमा समाजलाई सचेत र सकरात्मक बनाउनको लागि शैक्षिक पाठ् यक्रममै समावेश गर्नुपर्ने बताएकी छन् ।

सञ्चारिका समुह नेपाल गण्डकी प्रदेशले आयोजना गरेको लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत महिनावारी शिक्षा विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएकी हुन् ।महिलाको प्रजनन अंगसंग जोडिएर गरिएका बहसहरु अझैपनि अपहेलित भएका कारण विद्यालयमा शिक्षण सिकाईमै यो विषय समावेश गर्न आवश्यक रहेको बताईन् । उनले बदलिँदो समयमा केहि हदसम्म समाज यस विषयमा सकरात्मक भएपनि




पुर्ण रुपमा व्यवहारमा लागु गर्नका लागि राज्यका नीतिनियमहरु बन्नुपर्नेमा उनले जोड दिईन् ।

कार्यक्रममा ग्लोवल एक्सन नेपालका विके श्रेष्ठले महिलाहरुको शैक्षिक प्रगति, महिलाको स्वास्थ्य प्रजनन प्रति समाजको दृष्टिकोणलाई राज्यले नै अवलम्बन गरिनुका साथै नितिनियममा ध्यान दिनु आवश्यक रहेको बताए ।

त्यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य तथा डब्ल्यु डब्ल्यु जे गण्डकी अध्यक्ष सरिता तिमिल्सिना पंगेनीले अहिले महिनावारीका समयमा परिवार र समाजले रुढीवादी परम्पराका वाहानामा भएका दुर्व्यहारलाई लिएर महिलाले उजुरी दिएमा कानुनी दायरामा ल्याउने निति रहेको जानकारी दिईन् । उनले राज्यबाट यस विषयमा कानुनी निति बनाएपनि महिनावारीका विषयमा परिवारबाट दुर्व्यहार भयो भनेर कसैले उजुरी दिएको छ भन्दै प्रश्न गरिन् ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले समाजमा रुढीबादी परम्पराको बाहानामा महिलाहरु माथी भएका दुव्यवहारका मुद्धाहरु सञ्चार माध्यमकै कारणले धेरै परिवर्तन भएको बताईन् । उनले सुदुरपश्चिममा हुने छाउपडी प्रथा देखि लिएर अहिले यस विरुद्ध राज्यबाट कानुन निर्माण गर्नुपर्ने आवाज उठ्नुमा सञ्चारमाध्यम मार्फत पत्रकार हरुले खेलेको भुमिका महत्वपुर्ण रहेको बताइन । कार्यक्रममा कास्की जिल्ला भित्रका विभिन्न विद्यालयका करिव ५० जना भन्दा बढी शिक्षकशिक्षिकाहरुको उपस्थिती रहेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्याब्सन स्पोर्टस मिट : सिनियर र जुनियरतर्फ फुटबल प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ मंसिर**

'१७ औं प्याब्सन स्पोर्टस मिट २०७९' अन्तर्गत पोखरामा सिनियर र जुनियर छात्रतर्फ फुटबल प्रतियोगिताहरु जारी रहेका छन् ।



निजि विद्यालयहरुको छाता संस्था प्याब्सन कास्कीद्वारा आयोजित स्पोर्टस मिट अन्तर्गत बिहिबार दोश्रो दिन फुटबलका प्रतिष्पर्धाहरु जारी रहेका हुन् । बिहिबार प्रतियोगिता अन्तर्गत सिनियर र जुनियरतर्फ गरी २० खेलहरु सम्पन्न भएको प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलले जानकारी दिएका छन् । सम्पन्न प्रतियोगिता अन्तर्गत सिनियरतर्फ गौरीशंकर खेल मैदानमा सम्पन्न भएको खेलमा रेन्वो एकेडेमीले कन्चनजंगालाई ३-० ले पाखा लगाउँदा शान्ती दिपले कुमुदिनी होम्सलाई ४-१ गोलले पराजित गरेको छ । त्यसै गरी टप्सले हावर्डलाई ५-१ ले, तारा कुञ्जले सनफ्लावरलाई ३-० ले, पोखरा पब्लिकले डिजनी ल्याण्डलाई २-१ ले पराजित गरेको छ ।

सिनियरतर्फनै आदर्श क्लव खेल मैदान लेखनाथमा सम्पन्न खेलमा पोखरा एकेडेमीले धौलागिरीलाई ४-० गोलले, बाल प्रभातले सबलाइमलाई ४-० ले, शान्ती निकुञ्जले गुरुकुललाई ७-० को भारी गोल अन्तरले पराजित गरेको छ । त्यस्तै सृजना र फिसटेल एकेडेमीको खेल भने टाइ ब्रेकरमा सकिएको छ । निर्धारित समयमा १-१ गोल भए पछि टाइब्रेकरमा सृजना बोर्डिङले ५-४ ले आफ्नो खेल जितेको छ ।

त्यसैगरी जुनियर तर्फ शान्तीदिप खेल मैदानमा सम्पन्न खेलमा पारामाउण्टले तारा कुञ्जलाई २-१ ले, गुरुकुलले बाल कल्याणलाई ७-० ले, रेन्वोले सवलाइमलाई ५-० ले, सगरमाथाले स्टेप वाई स्टेपलाई ४-० ले पराजित गरेको प्रचार समितिका संयोजक डिल्लिराम अर्यालले जानकारी दिएका छन् । यता जुनियरतर्फको एक अर्को खेलमा पोखरा स्पाइरलले पोखरा लनर्सलाई ५-० ले पराजित गरे पनि पोखरा लनर्सले खेलाडीको विषयलाई लिएर प्रोटेष्ट हालेको थियो । छानविन पश्चात स्पाइरललाई आयोजकले २० हजार नगद सहित एक वर्षका लागि प्याव्सनको कुनै पनि गतिविधीमा सहभागि हुन नपाउने गरी निलम्वन गरिएको अध्यक्ष पौडेलले जानकारी दिएका छन् ।

त्यस्तै नेपाल आदर्श खेल मैदानमा जुनियरतर्फको खेलमा हिल पोइन्टले अल्फालाई ३-० ले, केफले डायमण्डलाई २-१ ले, कुमुदिनीले फिसटेललाई ३-१ ले, शान्तीदिपले बेथानीलाई ३-१ ले र हाभर्डले लेखनाथ विभुतीलाई ४-० ले पाखा लगाउँदै दोश्रो चरणमा प्रवेश गरेको छ ।

१७ औं संस्करणको प्याब्सन स्पोर्टस मिटको उद्घाटन यहि मंसिर २५ गते पोखरा रंगशालामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको अध्यक्ष पौडेलले जानकारी दिएका । प्रतियोगिता अन्तर्गत कक्षा ११ र १२ का विद्यार्थीहरूका बिच छात्र/छात्रा भलिबल, छात्र/छात्रा बास्केटबल, छात्र तथा छात्रा एथलेटिक्स जस्ता इभेन्टहरूमा ७७१२ भन्दा बढी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा प्रतिस्पर्धा गर्ने र दैनिक ११ हजारभन्दा बढी विद्यार्थी अभिभावक र अन्य दर्शकहरूले अवलोकन गर्ने प्यावसन कास्कीले जनाएको छ । प्रतियोगिता अन्तर्गत भलिवल छात्रातर्फ १९ छात्रतर्फ १८ टिम, टेवुल टेनिस सिंगल्स छात्रतर्फ ४१ जना, छात्रातर्फ १९, टेवुल टेनिस छात्र डवल्सतर्फ ३९ र छात्रातर्फ १६ टिमको सहभागिता रहनेछ । त्यसै गरी ट्रायक एण्ड फिल्ड एथलेटिक्सतर्फका विभिन्न इभेन्टस्मा छात्रतर्फ ६५, छात्रातर्फ ५३ जनाको सहभागिता हुने प्रतियोगिताकी संयोजक तथा प्याब्सन कास्कीकी वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले जानकारी दिएकी छन् । कक्षा ११-१२ अन्तर्गत नै एथलेटिक्स छात्रतर्फ १५ र छात्रातर्फ ८ विद्यालयको सहभागिता हुनेछ । कक्षा ११-१२ छात्र भलिवलतर्फ १६, छात्रातर्फ ८, बास्केटबल कक्षा १-१० सिनियर छात्रतर्फ १७ र छात्रातर्फ ६ टिमको सहभागिता हुनेछ । १७ औं प्याब्सन स्पोर्टस सञ्चालन गर्न करिव ५० लाख खर्च हुने अनुमान रहेको कास्की प्याब्सनले जनाएको छ । प्याब्सन कास्कीमा कास्की जिल्लाका १ सय २ वटा निजी तथा आवासीय विद्यालयहरू सदस्यका रूपमा आवद्ध रहेका र संस्थामा आवद्ध विद्यालयहरूमा ७५ हजार भन्दा बढी विद्यार्थी र ७ हजार ३ सय भन्दा बढीको संख्यामा शिक्षक कर्मचारीहरू कार्यरत रहेको सचिव पुष्पराज पराजुलीले बताए ।

# पोखरा सडक महोत्सव यस वर्ष ५ दिन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ मंसिर**

भूकम्प र कोभिड-१९ बाट प्रभावित पोखरा क्षेत्रको समग्र पर्यटन प्रबर्द्धन गर्न यस बर्ष पाँच दिने पोखरा सडक महोत्सव आयोजना गरिने भएको छ ।




अग्रेंजी नयाँ बर्षको अवसरमा पोखराको लेकसाइडमा आउदो पुष १३ देखि १७ गतेसम्म आयोजना हुने सडक महोत्सवले समग्र पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुर्‍याउने रेवान पोखराका अध्यक्ष एवं महोत्सव संयोजक नरेश भट्टराईले बताए ।

"सडकमै खाऔं, सडकमै रमाऔं भन्ने नारा सहित लेकसाइडको ३ किलोमिटर क्षेत्रलाई महोत्सवमय बनाउने आफुहरुले तयारी तिव्र पारिएको संयोजक गरिएको भट्टराईले बताए । महोत्सवका मुख्य आकर्षणको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारको प्रस्तुतीः, साँस्कृतिक कार्यक्रम, भारतिय, नेपालका लोपउन्मुख साँस्कृतिक कार्यक्रम, सडक मै राष्ट्रिय तथा अन्तराष्ट्रिय खानाका परिकारहरु, विभिन्न मनोरञ्जनात्मक खेलकुद कार्यक्रम, हस्तकला प्रदर्शनी, साहसिक पर्यटक खेलकुद वृतचित्त प्रदर्शनी, बालउद्यान, लाइभ कन्सर्ट प्रस्तुति हुने भएको छ ।

बोट रेस ,खुल्ला भेट्रान्स टेनिस प्रतियोगिता, वेटर रेस, टग अफ वार र पोखराका प्रमुख गन्तव्य सहितको डकुमेन्टि प्रर्दशन हुने भएको छ । संयोजक भट्टराईले भने " हामीले आगन्तुक पाहुनालाई राम्रो आतिथ्यता दिने हो, हाम्रा रेष्टुरेण्ट तथा होटलको मुल्य सुचि ५ दिनको लागि छुट्टै प्रकासित गर्ने छौं, त्यो मुल्यमा कसैले बढी लिएको उजुरी परेमा पनि हामीले ठगि मुद्धा चलाउनको लागि सिफारिससम्म गर्ने छौं । "

महोत्सवलाई सफल पार्न विभिन्न शहरसम्म जाने तयारी भएको महोत्सवका प्रचार संयोजक बिश्वराज पौडेलेले बताए । रेष्टुरेण्ट एण्ड बार एसोसियसन (रेबान) पोखराका निवर्तमान अध्यक्ष एवं सांस्कृतिक संयोजक चौबहादुर गुरुङले यस बर्ष पनि महोत्सवमा विभिन्न जनजातिको झाँकी, कला संस्कृति झल्कने भेषभुषा सहितको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने भएको बताए । होटल संघका अध्यक्ष लक्ष्मण सुवेदीले रेवान पोखराको आयोजनामा पोखरामा हुने पोखराको सडक महोत्सव र संघको जाउँ है पोखरा अभियानले पोखराको पर्यटन प्रबर्द्धन गर्नूका साथै पोखराको ब्राण्ड नै बनेको दाबी गरे । अहिलेको अबस्थामा आन्तरिक भन्दा विदेशी पर्यटकहरु विस्तारै आउने क्रम भएकोले आफुहरु बढी आशाबादी भएको उनले जनाए । महोत्सवका अवसरमा आन्तरिक पर्यटकको सहभागिताले आफुहरुलाई निकै हौसला मिल्ने गरेको उनले जनाए । उक्त महोत्सवबाट ८५ लाख आम्दानी गरी ७० लाख खर्च हुने अपेक्षा गरिएको रेवान पोखराले जनाएको छ ।

## मानव...

सभापति मानवअधिकार महाभेला गण्डकीका संयोजक तथा शान्तिका लागि नागरिक समाजको संजाल कास्कीका संयोजक विना सिलवालले मानवको रगतबिना मान्छेको जिवन नचल्ने भएकोले सृष्टिकर्ता आमाबाट जन्मेका सन्तान भएकोले हजारौंलाई फेरि जिवन दिन रक्तदान सहयोगि हुने बताउनु भयो । समग्र महिला वर्षमा ४८ दिन महिनावारीकै कारण छुवाछुतको विभेदमा रहेको बताउनु भयो । उहाँले हरेक पविारले छोरी, महिलालाई महिनावारि बार्न लगाएर हिंसा नगर्न अनुरोध गर्नुभयो । उहाले भन्नुभयो, सुरक्षित महिनावारि भने अहिलेको आवश्यक्ता भएको बताउनु भयो । मानव अधिकार महाभेला गण्डकी प्रदेशमा इन्सेक, शान्तिका लागि नागरिक समाजको संजाल, सिविन, कोपिला नेपाल, मासम, एमनेष्टि इन्टरनेशनल, गैसस महासंघ, शक्ति समूह लगायतका विभिन्न संस्थाहरुको सहभागिता रहेको छ । इन्सेक गण्डकीका संयोजक शिव खकुरेलले सहजिकरण गरेको कार्यक्रम ५० बढी संस्थाहरुको नेटवर्क मानव अधिकार महाभेला गण्डकीका संयोजक विना सिलवालको अध्यक्षतामा भएको थियो ।

# अद्वैत संस्था गण्डकीको सत्सङ्ग समारोहमा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ मंसिर**

अद्धैत संस्था गण्डकीको पोखरा, माटेपानी स्थित सत्सङ्ग भवनमा विशेष सत्सङ्ग समारोह संचालन भैरहेको समयमा दुई प्रतिष्ठानहरुद्धारा सम्मान गरेको छ ।



कार्यक्रममा अद्धैत संस्था गण्डकीका निर्देशक क्या. धनप्रसाद गुरुङले आफ्नो स्वर्गीय बाबुआमाको नाममा स्थापित इर्ख बहादुर श्रीप्रभा गुरुङ स्मृति प्रतिष्ठानले उपप्राध्यापक कमल गुरुङलाई सम्मान पत्र र नगद पचास हजारले सम्मान गर्नुभयो ।

त्यसैगरी कप्तान्नी मिना कुमारी गुरुङले आफ्नो स्वर्गीय पतिको नाममा स्थापित क्या. टेक बहादुर गुरुङ स्मृति प्रतिष्ठानद्धारा एम.वि.वि.एस अध्ययनरत छात्रा जुनु गुरुङ तथा कक्षा १० मा अध्ययनरत छात्र सिद्धान्त गुरुङलाई सम्मान पत्र र जनही पचास हजार नगद सहित सम्मान गरेको छ ।

विभिन्न गुरुहरुले सत्सङ्ग पाठ परायण गर्नु भएको विशेष सत्सङ्ग कार्यक्रममा बोल्नु हुदै गण्डकी प्रदेश निर्देशक क्या. धन प्रसाद गुरुङले जति पनि परिवर्तनशिल चीजहरु छन् ती सबै सास्वत् सत्य हैन भन्दै डा. क्षीतिजद्धारा लिखित अमृत बचनबाट पाठ परायण गर्नुभएको थियो ।

## पार्टीभित्रको...

बन्दसूचीमा रहेकाले रास्वपा कार्यालयमा बिहीबार विरोध प्रर्दशन गरेका थिए । सभापति लामिछानेले नेता कार्यकर्ताको विरोध नभएर नेतृत्वलाई सचेत बनाउन खबरदारी गरेको उल्लेख गर्नुभयो । "हाम्रो पार्टीमा पनि पुरानै राजनीतिक अभ्यास हुन्छ कि भनेर साथीहरूले सचेत गराउनुभएको हो", उहाँले भन्नुभयो, "ताली बजाउने र गुनगान मात्र गाउने होइन खबरदारी गर्नुपर्छ ।" प्रणालीभन्दा माथि कुनै व्यक्ति नहुने भन्दै उहाँले समानुपातिक सांसद छनोट पारदर्शी रूपमा हुने बताउनुभयो । पार्टीभित्र कोही पनि तलमाथि नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "मैले नै खबरदारी गर्नुहोला भनेको छु, जे भन्छ त्यो मान्नुपर्छ भन्ने छैन, कोही आत्तिनुपर्ने पनि छैन ।" सरकारबारे नसोचेको भन्दै उहाँले एजेण्डा ठूलो कुरा भएको र सरकार प्राथमिकतामा नराखेको धारणा राख्नुभयो ।


## बाख्राको खोर बिक्रीमा

माादी गाउँपालिका-८, रबैडाँडा, कास्की जिल्ला स्थित १३ रोपनी जग्गामा फुल फेन्सिङ्ग बार सहितको गेट भएको लम्बाई ६८ फुट, चौडाई २८ फुट, बिजुली पानीको राम्रो व्यवस्था भएको, ५०० खसी बाख्रा पाल्न मिल्ने, डिपिङ्ग ट्याक्त भएको, मूत्र संकलन व्यवस्था भएको, दाना चोकर राख्न मिल्ने तथा मान्छे बस्न मिल्ने ४ कोठा समेत भएको बाख्राको खोर तु बिक्रीमा छ । ईच्छुक व्यक्ति एवं फर्मले तु सम्पर्क गर्नुहोला ।

**रबैडाँडा तामाङ्ग कृषि फर्म**
मादी गाउँपालिका-८, रबैडाँडा, कास्की

९८०६७७३२०७ (क्या. श्री धन ब. गुरुङ्ग)
९७४९४३२९१५ (ना.सु. श्री कृष्ण ब. गुरुङ्ग)
९८१६६४६१९८ (श्री डम्मर ब. गुरुङ्ग)

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# भ्रष्टाचार रोक्ने अठोट छैन

देशको नीति र विधि बनाउने ठाउँमा धनाढ्य, व्यापारी, ठेकेदार पुगेपछि जनताको हितमा कार्यक्रम बन्दैन । व्यापारी, ठेकेदार र विचौलीयाको हित गर्ने थलो संसद बनेपछि भ्रष्टाचार झन मौलाउँछ । गठबन्धन सरकार बनेपछि आर्थिक अराजकता बढेर गएको थियो । हरेक क्षेत्रमा नकारात्मक असर पुगेको छ । प्रतिनिधिसभा र प्रदेश सभामा गठजोडको सरकार बन्ने अवस्थामा सुशासनको कल्पना गर्न सकिदैन । स्थानीय तहको चुनाव भएको पाँच महिनापछि भएको प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनमा उमेदवारले गरेको खर्च उठाउन भ्रष्टाचार बाहेक अर्को बाटो छैन । नेपाली भनाइ -जस्का व्यापारी र ठेकेदार उसैको धन,जस्का भैंसी उसैको बन भने जस्तै दलालले जे चाह्यो त्यही हुने परिस्थिति बनेको छ।देशमा सुशासनको अवस्था कमजोर हुँदा भ्रष्टाचार बढेर गएको छ । सार्वजनिक सेवामा हुने ढिलासुस्ती, भनसुन र घुस दिनुपर्ने अवस्थामा सुधार आउन सकेको छैन । सरकारी कार्यालयमा घुस नखाई काम हुँदैन भन्ने जनमानसमा परेको छ। अझ नीति निर्माण तहमा हुने भ्रष्टाचार र राजनीतिक संरक्षणका कारण नेपालको छवि अन्तर्राष्ट्रिय क्षेत्रमा विग्रदै गएको छ।

भ्रष्टाचार नियन्त्रणका लागि संबैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई कमजोर बनाउन खोजिएको छ। अदालतबाट केही विवादास्पद फैसला र सरकारी निकायका अनुत्तरदायि ब्यवहारले पनि भ्रष्टाचारलाई बढाएका छन । अदालतमा भ्रष्टाचार बढेको, प्रधानन्यायाधीशले झगडीयासँग पैसा लिन बीचौलीया खडा गरेको जस्ता आरोपको सामना गर्नुपरेको छ। अदालत भ्रष्टाचारी जोगाउने र धनीले न्याय किन्ने ठाउँ भएको छ। वकिल, न्यायाधीश र अदालतका कर्मचारीलाई विचौलीयाले खेलाउने गरेको विभिन्न अध्ययन प्रतिवेदनले औंल्याएका छन।आज अदालत न्यायाधीश र वकिलको कारण बद्नाम भएको छ।अदालत आफ्नो इसारामा चलाउन खोज्ने वरिष्ठ अधिवक्ताका कारण डुङ्गडुङ्गती गन्हाएको छ।

जनताले राज्यबाट पाउने सुविधा घरदैलोबाटै पाउन सक्ने संरचनाका भ्रष्टाचार सुचकांकमा गत वर्ष केही सुधार आएको थियो । गत वर्षको भ्रष्टाचार अबधारणा सूचकांक सिपिआईमा नेपालले ३३ अंक पाएर ११७ औं स्थानमा पुगेको छ। १८० देश सामेल मध्ये नेपालको अवस्थामा सुधार नआउनु भ्रष्टाचार बद्दैछ भन्ने संकेत हो । कोभिड-१९ अघि सुधारका केही काम भएका हुन। अख्तियारले पनि केही सक्रियता देखाएको हुँदा भ्रष्टाचारमा मुद्दा दायर भएका हुन । विशेष अदालत र सर्वोच्च अदालतले अख्तियारलाढढई हराउने र भ्रष्टाचारीलाई जोगाउने काम भएको छ।अख्तियारले भ्रष्टाचारीलाई कार्वाही गर्न थालेपछि जनतामा अख्तियारप्रति विश्वास जागेको थियो । अख्तियारको कामलाई निरुत्साहित गर्न संबैधानिक परिषद्ले गरेको सिफारिसलाई प्रश्न उठाइएको छ।

नियुक्ति विरुद्ध सर्वोच्चमा मुद्दा परेको छ।अख्तियारलाई ढुक्कसँग काम गर्न नदिन यी सबै काम भएका छन।भ्रष्टाचार नियन्त्रण गर्न सुशासन प्रवर्द्धन, पक्षपातरहित बजेट र सेवामा सरोकारवालाको पहुँचलाई जोड दिनुपर्छ । त्यस्तै, राजनीतिमा पैसाको प्रभावलाई न्यूनीकरण, स्वार्थको द्वन्द्वको सम्बोधन, निर्णय प्रक्रियामा सरोकारवालाको अर्थपूर्ण पहुँच हुनुपर्छ।संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको महासन्धि सदस्य राष्ट्रहरूद्वारा अनुमोदन गर्न सन् २००३ डिसेम्बर ९ मा खुल्ला गरिएको थियो । त्यसैबेलादेखि भ्रष्टाचारको सम्भावना न्यून गर्दै सदाचारका प्रयास बढाउन जरुरी भएको छ । संयुक्त राष्ट्र संघीय महासन्धिका प्रावधान बमोजिम नेपाली ऐन-कानूनमा आवश्यक सुधार र थप नयाँ कानूनको निर्माणतर्फ यथाशिघ्र आवश्यक कदम चाल्न पर्दछ।

सरकारी कार्यहरू थप पारदर्शी एवं प्रभावकारी र चुस्त बनाउँदै भ्रष्टाचारको सम्भावना न्यून गर्न सरकार चनाखो हुनैपर्छ । हालै सार्वजनिक भएको ग्लोबल करप्सन बेरोमिटर एसिया २०२०ले नेपालमा भ्रष्टाचार बढ्दो क्रममा रहेको र सरकारी भ्रष्टाचार नै प्रमुख समस्या रहेको भन्नेजस्ता तथ्यांक उल्लेख गरेको छ। यस परिप्रेक्ष्यमा यस दिवसका अवसरमा भ्रष्टाचार विरुद्ध नागरिक सचेतना बढाउन, भ्रष्टाचार भनेको नियमित प्रक्रिया होइन भन्ने अवधारणा व्यक्ति र समाजमा अभिवृद्धि गर्न र जनचाहना बमोजिम सुशासन कायम गर्न नेपाल सरकार थप क्रियाशील हुनुपर्छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बहुआयामिक व्यक्तित्व अमृतप्रसाद शेरचन

रवीन्द्र माकाजू

पोखराको इतिहासमा स्वर्ण अक्षरले लेखिएको एक पात्र हुन् । प्रजातन्त्रका सेनानी अमृतप्रसाद शेरचन । अमृतप्रसादले ०७ सालको राणा विरोधी गतिविधिमा मात्र भाग लिएनन्, जीवनभर पोखराको शैक्षिक, धार्मिक, सामाजिक विकासमा दत्तचित्त भएर लागे । पोखरा उद्योग वाणिज्य संघ (पुरानो पोखरा व्यापार संघ २०११) का संस्थापक अध्यक्ष शेरचन २०३४ सालमा स्थापित गीता मन्दिरका पनि संस्थापक अध्यक्ष थिए । उनले २००६ सालमा स्थापित पोखरा पब्लिक स्कुल होस् वा ०१७ साल भाद्र १७ गते स्थापित पृथ्वीनारायण कलेजको स्थापनामा महत्वपूर्ण भूमिका निभाए।

पोखेली जनताले उनको सम्झनामा के कति काम गरे त्यो मलाई थाहा छैन परन्तु पोखरा उद्योग वाणिज्य संघमा स्थापित अमृत कक्षले सदा उनको सम्झना गराईरहेको छ। वि.सं. १९८१ साल आषाढ १५ गते मुस्ताङको टुकुचेमा जन्मिएका अमृतप्रसाद शेरचनले वि.सं. २००६ सालदेखि पोखरालाई कर्मभूमि बनए । ९ वर्षको उमेरमा बाबु सत्यप्रसादको निधन भएपछि मामा ओमप्रसाद गौचनले अमृतलाई बाग्लुङमा झिकाएर पठनपाठनको व्यवस्था मिलाए । त्यसबेलाका चर्चित गुरु गणेशसँग शिक्षा आरम्भ गरे । साथै मामा ओमप्रसादको दोकानमा बसेर अमृतले व्यापार व्यवसायका साथै सामाजिक कार्य गर्न सिके । त्यसबेला बाग्लुङमा ओमप्रसादको चर्चा चर्चित समाजसेवी एवं व्यापारीका रूपमा हुने गर्दथ्यो।

१९९६ सालमा बाग्लुङमा विद्यामन्दिर खुलेको थियो । जसको व्यवस्थापन गर्ने प्रमुख दायित्व ओमप्रसादको थियो । त्यस्तै बाग्लुङमा घरेलु तालिम केन्द्र खोलिएको थियो। यी सबै गतिविधिमा अमृतप्रसादको नजर परेको थियो। प्रत्यक्ष, अप्रत्यक्ष उनको संलग्नता हुन्थ्यो। वि.सं. २००३ सालमा अमृतप्रसादको विवाह शोभादेवी (नन्दकुमारी) सँग भयो । विवाह पश्चात अमृतप्रसादले आफूले पोखरामा छुट्टै व्यवसाय खोल्ने मनसाय



राखे । मामाले रु. ३२०० दिँदा पोखराको भैरवटोलमा जग्गा किनेर घर बनाए। ००६ सालमा पोखरा आई व्यापार गरे। अमृतको सम्पर्क प्रेमराज मुल्मी, पं. ऋषिकेशव पराजुली, पं. मुक्तिनाथ तिमिल्सिना, टेकबहादुर ढेवाजू, दयाशंकर पालिखे, सुन्दरप्रसाद मर्सानीहरुसँग भयो । जो राणा विरोधी गतिविधिमा संलग्न थिए।

पोखरामा प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउन नेपाली काँग्रेसका नेता श्रीभद्र शर्मा पोखरा आउने जाने क्रममा प्रेमराज मुल्मीकहाँ बस्दथे। त्यहाँ अमृतप्रसाद पनि जम्मा हुन्थे । यी प्रजातन्त्रका सेनानीहरु पोखरामा एउटा आधुनिक विद्यालय खोल्ने कार्यमा जुटेकाले वि.सं. २००६ साल मार्ग २० गते पोखरा पब्लिक स्कुल स्थापना गरे।

त्यसपछि उनीहरु मिलेर पोखरा व्यापार संघ खोल्ने निर्णय गर्दै पहिलो संस्थापक अध्यक्ष बने अमृतप्रसाद शेरचन । व्यापार संघले सामाजिक कार्यमा हात हाल्दथ्यो। चाहे नेशनल स्कुल होस् या कन्या स्कुल, पृथ्वी नारायण कलेज स्थापनामा होस् वा बालमन्दिरको निर्माणमा, पोखरा व्यापार संघ सामाजिक कार्यमा झनै रमाउने गर्दथे । थकाली समाजका पूर्व अध्यक्ष समेत रहेका अमृतप्रसादले थकाली समाजसुधारका लागि महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । उनी समाजसुधारक हुँदा समाजलाई अग्रगमनको बाटो देखाए । उनले पं. मुक्तिनाथको अछुत ? पुस्तक प्रकाशन गराएका थिए। पछि अमृतवचन, योगवाशिष्ठ जस्ता पुस्तक छापेर निःशुल्क बाढ्थे। उनी सहकारीका पक्षधर थिए। शेरचनले प्रेमराज मुल्मीसँग मिलेर समिल खोले । कालान्तरमा उनले सुनिल फर्निसिङ पसल चलाए । शेरचनले आफ्ना सन्तानलाई उच्च शिक्षा दिलाए- एउटा छोरा मनोहरलाई रुसमा इन्जिनियर बनाउन पठाए भने अर्को छोरा विकल पोखराका एक शिक्षाप्रेमीका रूपमा परिचित गराए। कान्छा छोरा सुनिल जापानबाट प्रशिक्षित छन् । त्यस्तै छोरीहरु पनि शिक्षित छन्। अमृतप्रसादको सामाजिक, शैक्षिक, धार्मिक योगदानको कदर स्वरुप पोखरा महानगरपालिकाले नवरत्न सम्मान प्रदान गरेको थियो २०५८ सालमा । यस अघि उनी सनातन धर्म सेवा समितिबाट सनकमान स्मृति पुरस्कार ०५१ बाट सम्मानित थिए । उनी पृथ्वीनारायण क्याम्पसबाट पनि सम्मानित भए । उनी समाजका एक अनमोल रत्न नै थिए। यसरी पोखराको उत्थानमा सक्रिय रहँदा रहँदै ०५७ साल आश्विन २९ गते यस धरातलबाट सदा सदाका लागि बिदा भए।

# पर्यटक आकर्षणको केन्द्र बन्यो 'गलकोट दरबार'

-डम्मर बुढा मगर

पोखरा, २२ मंसिर

तलतिर हरिचौर बजार र दरमखोला। माथितिर घुम्टे पहाड र टेउवा । बीचमा छ गलकोट दरबार । यही दरबार परिसरमा दैनिक आगन्तुकको भीड लाग्ने गरेको छ। कुनै बेला राजाले राज गरेको यो ठाउँ अहिले पर्यटक आकर्षणको केन्द्र बनेको छ। विसं १९७९ मा ढुङ्गा, माटो, इँटा र काठ प्रयोग गरेर कलात्मकशैलीमा बनेको यो दरबार भने जीर्ण बन्दै गएको छ।

पछिल्लो समय दरबारको वरपर तस्बीर खिच्ने, भिडियो बनाउने र रमाउनेको सङ्ख्या बढ्दै गएको छ। सडकको सहज पहुँचले गर्दा हरिचौरमा रहेको दरबारमा देशभरबाट पर्यटक घुम्न आउन थालेका छन् । दरबार नजिकै टेउवाको मूर्तिकला र ताराखोलाको गाईघाट झरना छन्। मूर्तिकला र झरनामा घुम्न आउने अधिकांश पर्यटक दरबारसम्म पुग्ने गरेका छन्।

दरबारसम्मै गाडीमा पुग्न सक्ने भएपछि दिनप्रति दिन आन्तरिक पर्यटक दरबारमा आउने गरेको स्थानीयको भनाइ छ। भरतपुर चितवनबाट ढोरपाटन घुम्न आउनुभएका आकाश परियारले गलकोट दरबारको पनि अवलोकन गर्नुभयो । उहाँ शान्त वातावरणमा रहेको दरबारले यहाँ आउने जो कोहीलाई आकर्षित गर्ने बताउनुहुन्छ । परियार भन्नुहुन्छ, "सयौं वर्ष पुराना सम्पदा अहिले पनि देख्न पाउनु हाम्रो लागि सौभाग्यको कुरा हो, यस्ता एतिहासिक महत्व बोकेका सम्पत्ति अहिले पनि छन् हाम्रो देशमा, यो ठाउँ पनि धेरैलाई आकर्षित गर्ने खालको रैछ, त्यसमाथि यति सुन्दर दरबारले मलाई अझै केही दिन यतै बसेर घुमौंघुमौं गरायो।"

बागलुङ आउँदा ढोरपाटन, कालिका मन्दिर, पञ्चकोट, टेउवाको मूर्तिकला र गलकोट दरबार घुमेर जाने योजना बनाएको परियारले बताउनुभयो । यहाँका संरचनाको मर्मतसम्भार गरी व्यवस्थित बनाउन सके देशी तथा विदेशी पर्यटकलाई तान्न सकिने उहाँ बताउनुहुन्छ । "यो दरबारको बारेमा मैले युट्युबमा एउटा भिडियो देखेको थिएँ, भिडियो देख्दा यहाँ आउने रहर जागेको थियो, विदेशमा भएको हुँदा पहिले चाहेर पनि आउनु पाइएन", जापान बस्दै आउनुभएका परियारले भन्नुभयो, "बागलुङ आएको बेला यहाँ भएका धार्मिक तथा पर्यटकीय ठाउँ घुमेर जाने हो।" गुल्मीको मुसिकोटबाट घुम्न आउनुआएका दिपेश गिरीले गलकोट दरबारको धेरै वर्षदेखि चर्चा हुँदै आएको भन्दै आफू पाँचौं पटक यहाँ घुम्न आएको बताउनुभयो। उहाँ सामान्य कामले गलकोट बजारमाआएको बेला दरबारसम्म आएरै छोड्ने गरेको बताउनुहुन्छ।

"पहिले त यहाँसम्म आउने सडक राम्रो थिएन, अहिले त सडक पनि राम्रो छ, दरबार हटिया बजार नजिकै भएर पनि होला, यहाँ धेरै मान्छेको चहलपहल हुँदो रैछ, हामी सानो हुँदादेखि नै मान्छेहरू गलकोट दरबार घुम्न जाने भन्दै आउँथे, अहिले पनि घुमफिर गर्न आउने धेरै हुने रहेछन्", गिरीले भन्नुभयो, "म पाँच पटकसम्म यहाँ घुम्न आएँ, फेरि पनि मेसो मिले आउँछ, सडक राम्रो छ, यहाँ आउन धेरै समय पनि लाग्दैन।"

स्थानीयका अनुसार यहाँ दैनिक दुई सय बढी आन्तरिक पर्यटक आउने गरेका छन् । बिदाको दिन अझ बढी आउने गरेको उनीहरूको भनाइ छ । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले गलकोट दरबारले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरेको बताउनुभयो। दरबारले एउटा बिरासत बोकेको भन्दै यसको संरक्षण गर्न जरुरी रहेको बताउनुहुन्छ।

प्रवक्ता भण्डारीले भन्नुभयो, "यो दरबार अहिले पनि व्यक्तिगत स्वामित्वमा रहेको छ, व्यक्तिगत स्वामित्वमा रहेको संरचनालाई हामीहरूले पनि मर्मतसम्भार गर्ने गरी छलफल गरेका थियौं, अहिले केही जीर्ण बनेको छ, अहिले त्यसलाई मर्मत गर्न लाग्नुभएको छ।" दरबार करिब पाँच रोपनी जग्गामा फैलिएको छ । विसं २०१७ सम्म दरबार अस्तित्वमा थियो। भरतबम मल्ल तत्कालीन राजा हुनुहुन्थ्यो।

यहीबाट गलकोटको राजकाज चल्थ्यो। त्यो बेलासम्म गलकोट राज्यको प्रशासनिक, न्यायिक र आर्थिक अधिकार दरबारमा केन्द्रित थियो । पहिलो जननिर्वाचित सरकारले राजा, रजौटा उन्मूलन गर्ने निर्णय गरेको थियो। त्यसका लागि मन्त्रिपरिषद् मा प्रस्ताव लाने गलकोटकै राजा भरतबम मल्ल हुनुहुन्थ्यो । उहाँ २०१५ को निर्वाचनमा भाग लिएर निर्वाचितसमेत हुनुभएको थियो।

तत्कालीन राजा भरतबम मल्लका पनाती मञ्जेशबम मल्लले अहिले दरबारको संरक्षणमा जुट्नुभएको छ। उक्त दरबार मल्लकी आमा सरोजा मल्लको नाममा छ। विसं २०३९ मा राजा भरतबमको निधन भएको थियो। राजा मल्लको निधनपछि दरबार संरक्षणको जिम्मा नाति माधवबममा आएको थियो । परिवारसहित दरबारमा बस्दै आउनुभएका मल्लको द्वन्द्वका समयमा मृत्यु भएको थियो । विसं २०५९ वैशाखमा भएको उक्त घटनासँगै मल्ल परिवार त्यहाँबाट विस्थापित बनेर काठमाडौं सरेको थियो।

राजा भरतबमका पनाती मञ्जेशबमले अहिले दरबारको मर्मतसम्भार गर्न थाल्नुभएको छ। उहाँले पछिल्लो समय दरबारमा पर्यटक आउन थालेको भन्दै जीर्ण बनेको दरबार पुरानै शैलीबाट मर्मतसम्भार गर्न लागेको बताउनुभयो।

मल्लले भन्नुभयो, "दरबारलाई हामीहरूले पुरानै शैलीमा मर्मत गर्न थालेका छौं, दरबारको तल्लो तलालाई सङ्ग्रहालयका रुपमा विकास गर्ने र माथिल्लो तलालाई व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने गरी पुनःनिर्माण हुँदैछ, यहाँ थप अरु संरचना पनि व्यवस्थितरुपमा निर्माण गर्ने गरी लागेका छौं।"

# मनाइयो योमरी पूर्णिमा (योमरी पुन्हि)

रासस

काठमाडौं, २२ मंसिर

नयाँ धान भित्र्याएको खुसियालीमा नेवार समुदायले आज योमरी पूर्णिमा पर्व हर्षोल्लासका साथ मनाएका छन्।

योमरी पूर्णिमालाई योमरी पुन्हि पनि भनिन्छ । नेवार समुदायको ठूलो चाडका रूपमा मनाइने यस चाडलाई खाद्यपदार्थको रसिलो चाडका रूपमा पनि लिइन्छ। योमरी नयाँ धानबाट बनेको चामलको पिठो, चाकु र तिलबाट बनाइन्छ।

योमरी बनाउन बिहीबार बिहान सबेरैदेखि घरका महिला व्यस्त हुने गर्छन् । नुहाइधुवाइ घरमा लिपपोत गरेर योमरी पकाइने प्रचलन छ। यो पर्वलाई नेवार समुदायले पनि नवअन्नप्राशनका रूपमा मनाउने गरेको संस्कृतिविद् प्रकाशमान श्रेष्ठ बताउनुहुन्छ । योमरीमा तिलसमेत राखेर डल्लो बनाइन्छ। नेवार समुदायले पनि धान राख्ने भकारी वा कोठीमा पनि पूजा आराधना गरेर योमरी पूर्णिमा मनाउँछन् । साथै चेलीबेटीको गर्भ रहँदा गर्भमै बालकको पूर्ण स्वास्थ्यको कामना गर्दै माइतीबाट उनीहरूको घरमा तिल र चाकु भरिएको योमरी सगुनका रूपमा उपहार पठाउने चलन पनि रहेको छ।

# नेपाल स्कटल्याण्डसँग पराजित

रासस

काठमाडौं, २२ मंसिर

आइसिसी विश्वकप क्रिकेट लिग-२ त्रिकोणात्मक एकदिवसीय प्रतियोगिताको अन्तिम खेलमा नेपाल स्कटल्याण्डसँग पराजित भएको छ।

नामिबियाको युनाइटेड क्रिकेट क्लब मैदानमा आज भएको खेलमा नेपाल ८ विकेटले पराजित भएको हो । नेपालले दिएको १२० रनको लक्ष्य स्कटल्याण्डले १६ दशमलव पाँच ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो।

स्कटल्याण्डको जीतमा क्रस्टोफर म्याकब्रिडिले अविजित ४६ रन बनाए भने जर्ज मुन्सीले ४५ रन बनाए । त्यस्तै कायल कोट्जरले १६ रन बनाउँदा कप्तान रिची बेरिङ्टन १२ रनमा अविजित रहे । नेपालका लागि गुलसन झा र दीपेन्द्रसिंह ऐरीले समान १/१ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको नेपालले ३५ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै ११९ रन बनाएको थियो । नेपालका लागि कप्तान रोहित पौडेल सर्वाधिक ४७ रन बनाए भने सोमपाल कामीले १६ तथा दीपेन्द्रसिंह ऐरीले १४ रन बनाए। ललितनारायण राजवंशीले ११ रन जोड्दा अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । स्कटल्याण्डका मार्क वाट, ब्राण्डन म्याकमुलेन र सफियान सरिफले समान २/२ विकेट लिए । क्रिस्टोफर म्याकब्रिड, क्रिस सोल र क्रिस ग्रेभिसले समान १/१ विकेट लिए। विभिन्न सात टोली सहभागी विश्वकप लिग दुईमा जीतसँगै स्कटल्याण्ड ३२ खेलमा ४६ अङ्कका साथ शीर्ष स्थानमा छ। नेपाल भने २४ खेलमा १८ अङ्कसहित छैटौं स्थानमा छ।

प्रतियोगितामा नेपालले नामिबियाविरुद्धको पहिलो खेल वर्षा बाधक बन्दा अङ्क बाँडेको थियो । दोस्रो खेलमा नेपाल स्कटल्याण्डसँग तीन विकेट तथा तेस्रो खेलमा नामिबियासङ ८६ रनले पराजित भएको थियो।

# प्रतिभामा विज्ञान प्रदर्शनी र व्यवसायिक योजनामा उत्कृष्ट विद्यार्थी पुरस्कृत

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

पोखराको अग्रणी विद्यालय प्रतिभा माविले विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि आयोजना गरेको विज्ञान प्रदर्शनी र 'व्यवसायिक योजना' कार्यक्रममा उत्कृष्ट हुन सफल विद्यार्थीलाई पुरस्कृत गरेको छ। गत कार्तिक २५ र २६ गते आयोजित कार्यक्रममा सहभागीमध्ये उत्कृष्ट हुनेहरुलाई नगदसहित विद्यालयले विहीबार पुरस्कृत गरेको हो।

विज्ञान संकायका विद्यार्थी सहभागी विज्ञान प्रदर्शनीमा कक्षा १२ की आयुषा ढकाल र करुणा सुनारको स्मार्ट सिटी 'प्रोजेक्ट ९९' शीर्षकको प्रस्तुति सर्वोत्कृष्ट हुँदै नगद २० हजार जित्न सफल भयो। यस्तै कक्षा ११ की नम्रता क्षेत्रीको 'इन्डिकेटर डस्टबिन' प्रोजेक्ट दोस्रो बन्दै १५ हजार हात पारे। यसैगरी, कक्षा ११ की स्नेहा गिरी, रश्मी तिमिल्सिना र सुस्मिता खत्रीको समूहले बनाएको वाईफाई कार र कक्षा १२ का सबिन गुरुङ र सगुन गुरुङको सोलार ट्र्याक्टरले तेस्रो स्थान प्राप्त गर्दै जनही नगद सात हजार पाँच सय, मेडल र प्रमाणपत्र हात पारे। विज्ञान प्रदर्शनीमा कक्षा ८ देखि १२ कक्षासम्मका ६२ टोलीले सहभागिता जनाएका थिए। व्यवस्थापन संकाय तर्फ सहभागी व्यवसायिक योजना कार्यक्रममा पिग फार्मिङ शीर्षकमा सहभागी कक्षा १२ का सम्पूर्ण पौडेल र सबिन थापा सर्वोत्कृष्ट बन्दै नगद १५ हजार जिते। उनीहरुले उक्त प्रोजेक्ट सञ्चालन गर्न चाहेमा बिऊ पुँजीका रुपमा विद्यालयले ५ लाख नगद सहयोग गर्नेछ। यस्तै, कक्षा ११




की छात्राहरु सुविक्षा मल्ल, रेनुमा खातुन र अञ्जली तामाङको टेस्ट अफ नेपाल प्रस्तुति दोस्रो बन्दै नगद १० हजार प्राप्त गरेको छ। कक्षा १२ की प्रतिमा भट्टराई र अस्मिता पोखरेलको डिटर्जेन्ट कम्पनी शीर्षकको प्रस्तुति र कक्षा ११ की छात्राहरु पूर्णिमा पौडेल र सृष्टि शर्माको विवाह योजना शीर्षकको प्रस्तुति तेस्रो बन्दै जनही ५ हजार नगदसहित मेडल र प्रमाणपत्रले पुरस्कृत भयो।

यी दुवै विधामा थप ५ टोलीलाई थर्ड रनरअप उपाधिसहित जनही २ हजारले पुरस्कृत पनि गरिएको थियो। यस्तै, सहभागी सबैलाई मायाको चिनो प्रदान गरिएको थियो। विद्यालयका निर्देशक किरण सापकोटाका अनुसार दशैंको लामो बिदाको समयमा विद्यार्थीहरुलाई कुनै गृहकार्यको बोझ नबोकाई सिर्जनशील बन्न विज्ञानका विभिन्न शैक्षिक सामाग्री बनाउन र व्यवस्थापन विषय पढेपछिको योजना बुन्न आह्वान गरिएको थियो। विद्यार्थीले बनाएका विभिन्न उपकरण तथा योजना उक्त प्रदर्शनीमा प्रस्तुत भएका थिए। विद्यार्थीले आफ्नै खर्चमा आवश्यक सामाग्री जुटाएका हुन्। सामान बनाएका हुन्। यसैबीच, विहीबारदेखि नै प्लस टुका विद्यार्थीहरुबीचको स्पोर्ट्स मीट २०७९ शुभारम्भ गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि पृथ्वीनारायण क्याम्पसका प्रमुख प्रा.डा. सरोज कोइरालले खेलकुद प्रशिक्षकहरु हेमन्त गुरुङ, राजेन्द्र पुन र कुमार किसानलाई बल हस्तान्तरण गरी स्पोर्ट्स् मीटको शुभारम्भ गरे।

कार्यक्रममा प्रमुख अतिथि डा. कोइरालाले प्रतिभा माविको विविध क्रियाकलापले यस विद्यालय गण्डकी क्षेत्रकै अग्रणी विद्यालयका रुपमा स्थापित भएको बताए। क्याम्पसमा उत्कृष्ट पठनपाठन हुने भएकाले कक्षा १२ को समाप्तिपछि पृथ्वीनारायण क्याम्पसमै पढ्न पनि सकिने भन्दै उनले प्रतिभाका विद्यार्थीले राष्ट्रिय अन्तर्राष्ट्रिय शिक्षण संस्थाहरुमा उत्कृष्ट बन्दा खुशी लागेको उल्लेख गरे।

बीबीएमा नाम निकाल्ने उत्कृष्ट २० मध्ये सर्वप्रथम हुनेदेखि सर्वाधिक १४ जना विद्यार्थी प्रतिभाकै रहेको निर्देशक किरण सापकोटाले जानकारी दिएका थिए। प्रतिभाका विद्यार्थी एमबीबीएस, ईञ्जिनियरिङ, वन विज्ञान, कृषि तथा काठमाण्डौ लगायतका विभिन्न विश्वविद्यालयमा सर्वोत्कृष्ट हुँदै छात्रवृत्तिमा निःशुल्क पढिरहेको पनि सापकोटाले बताए। कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय भलिबल महिला टीमकी कप्तान अरुणा शाहीले विद्यार्थीहरु सैद्धान्तिक शिक्षासँगै खेल लगायत अतिरिक्त क्रियाकलापमा पनि अब्बल हुनुपर्ने बताइन्। शाहीलाई यसअघि विद्यालयले १ लाख नगदको वर्ष प्रतिभा पुरस्कारबाट पुरस्कृत गरिसकेको छ।

विद्यालयका प्राचार्य विश्वगोपाल पराजुलीले कक्षागत उत्कृष्टतासँगै सिकेको ज्ञानलाई व्यवहारमै उतार्न यस्ता प्रदर्शनी तथा योजना प्रस्तुत कार्यक्रम फलदायी हुने बताए। वार्षिक खेलकुद कार्यक्रम अन्तर्गत आयोजित स्पोर्ट्स् मीटमा छात्र/छात्रा बास्केटबल, छात्र/छात्रा भलिबल। छात्र फुटसल, सिंगल/डबलछात्र/छात्रा टेबलटेनिस र चेस खेल हुनेछन्। कक्षा ११ र १२ का विद्यार्थीहरुले अन्तरसदनात्मक रुपमा सहभागिता जनाउनेछन्। प्राचार्य विश्वगोपाल पराजुलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शिक्षक वीरसिंह बुढाले गरेका थिए। विद्यार्थी तथा खेलाडीहरुको मनोबल उच्च बनाउन, बालबालिकाका प्रतिभालाई प्रस्फुटन गर्न विद्यालयले आर्थिक सहयोग समेत गर्दै आएको छ। अरुणा शाहीसँगै सन्दिप लामिछानेलाई प्रतिभाले नगद एक लाखले सम्मान गरिसकेको छ। विद्यालयले मुलुकमा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी शुरुती पाण्डेलाई समेत एकमुष्ठ डेढ लाख बढीले सम्मान गरिसकेको छ।

# लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिकको निःशुल्क क्यान्सर परीक्षण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

'फेलोसिप फर सर्भिस, जहाँ आवश्यकता त्यहाँ लाईन्स' भन्ने मूल नारालाई सार्थकता दिँदै लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक ३२५K नेपाल अन्तर्गत रहेका १३ क्लबले संयुक्त बृहत निःशुल्क क्यान्सर परीक्षण कार्यक्रम गरेको छ।

जस अन्तर्गत लायन्स क्लब अफ पोखरा समृद्धि, पोखरा आँगन, पोखरा भैरव, पोखरा सेन्ट्रल, पोखरा सेन्ट्रल सिटी, पोखरा सेन्ट्रल म्याली, पोखरा ग्रीन सिटी, पोखरा हेबन्, पोखरा कुमुद, पोखरा पिस होम, पोखरा सप्तगण्डकी, पोखरा संगम, पोखरा फेन्डसिपको संयुक्त आयोजना तथा नेपाल क्यान्सर रिलिफ सोसाईटी, सपना आयुर्वेद भवन, प्रफुल मेडीको फर्मा, Neutrex Neutraceuticals को, प्राविधिक सहयोग र तनहुँ भानु २ नरेश्वर स्थित भानु सामुदायीक भवनको प्राङ्गणमा भएको बृहत निःशुल्क क्यान्सर शिविर परीक्षण कार्यक्रम मा




४७४ जनालाई सेवा प्रदान गरेको छ।

जस अन्तर्गत पाइल्सका विरामी १४ जना, क्यान्सरका २२५ जना बिरामी, १०० जना स्तन क्यन्सरका र ९ जना आङ्ग खसेका विरामी रहेका थिए। उनीहरुका लागि १ महिनाको औषधी खाएर फेरी परिक्षणका लागि बोलाइएको छ। सो अवसरमा सेतो छडी, हेल्चियर र न्यानो कपडा पनि बितरण गरिएको थियो सो कार्यक्रममा सभाध्यक्ष हेल्थ प्रोग्राम चिफ गण्डकीको सपना राना, प्रमुख अथिति डिस्ट्रिक गर्भनर लायन राजेन्द्र कुमार बाटाजु, अतिथि भानु नगरपालिकाका मेयर आनन्द राज त्रिपाठी, फस्ट भाईस गभर्नर लायन सुचित्रा थापा, भानु डिस्ट्रिक चिफ एडभाइजर लायन दुर्गा प्रसाद हुमागाईं, डिस्ट्रिक सेल्फ इम्प्लोमेन्ट लायन टीकाराम सापकोटा, रिजन चियर पर्सन लायन पदम जी सी, जोन चियर पर्सन लायन पार्वती कुमारी शर्मा, स्थानीय भानु स्वास्थ्य सामुदायिक केन्द्र, आमा समुह, युवा क्लब, सम्पूर्ण व्यवस्थापन Neutrex Neutraceuticals का Medical Represgentive किरन अछामी र Fraful medico pharma का शम्भु रानाले गर्नु भएको थियो। भने कार्यक्रम सञ्चालन लायन्स क्लब अफ पोखरा हयावेनका सचिवले गर्नु भएको थियो।

# नेसनल प्याब्सन खेलकुद महोत्सव अन्तर्गत आज विभिन्न खेलको फाइनल सहित समापन हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

पोखरामा जारी नेसनल प्याब्सन खेलकुद महोत्सव अन्तर्गत शुक्रबार विभिन्न खेलका फाइनल खेलहरु भएसँगै महोत्सव समापन हुने भएको छ।

शुक्रबार विहानै देखि विभिन्न खेलहरुको फाइनल खेल सकिए लगत्तै दिउँसो करिब १:०० बजेपछि औपचारिक रुपमा पोखरा रंगशालामा उक्त खेलकुद महोत्सव समापन हुने भएको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले बताए।

कास्की मोडनाइज एकेडेमी दोहोरो उपाधि नजिक पुगेको छ। कास्की मोडनाइज एकेडेमीको सिनियर छात्र तर्फको टीम फुटवलमा र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगिताको फाइनलमा पुग्दै उपाधि नजिक पुगेको हो। विहिबार पहिलो सेमिफाइनलको खेलमा कास्की मोडजाइज एकेडेमीले इम्याुएल स्कुललाई २-० को शान्दार जित निकाल्दै फाइनलमा यात्रा तय गऱ्यो। पोखरा रंगशालाको वैकल्पिक फुटवल मैदानमा विहिबार भएको दोश्रो सेमिफाइनल खेलमा लिटिल फ्लावर स्कुलले चिल्ड्रेन एकेडेमी स्कुललाई १-० को झिनो गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो। फाइनल खेल शुक्रबार दिउसो हुने भएको फुटवल खेल संयोजक राजु केसीले बताए।

त्यसै गरी जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगिताको फाइनल खेलमा



कास्की मोडनाइज एकेडेमी र गोर्खा बोर्डिङ स्कुल बिच शुक्रबार विहान ११:३० बजे माछापोखरी खेल मैदानमा फाइनल खेल हुने भएको सेभेन ए साइड फुटवल प्रतियोगिता संयोजक हिमाल गुरुङले बताए। कास्की मोडनाइज एकेडेमीले नेश्नल क्रियसन स्कुललाई ३-२ को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनायो। अर्को खेलमा भने गोर्खा बोर्डिङले यूनिर्भसलाई १-० को झिनो गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनाएको हो।

प्रतियोगितामा छात्र सिनियर फुटवल तर्फ ३७ र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगितामा ३३ टिमको सहभागिता रहेको थियो। मंसिर २३ गतेसम्म पोखरामा संचालन हुने उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ विद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि हुने भएको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले बताए।

यसैगरी छात्रा भलिबल तर्फ सेमीफाइनल र फाइनल खेल शुक्रबार हुने भएको छ। तिन दिन देखि पोखरा रंगशालामा जारी प्रतियोगितामा अन्तिम चार टिमको टुङ्गो लागे सँगै सेमीफाइनल र फाइनल खेल शुक्रबार आयोजना गरी एन प्याब्सन कास्कीले जनाएको हो। १३ औ एन प्याब्सन स्पोर्टस मिट अन्तर्गत जारी खेल महोत्सवमा भएको छात्रा भलिबलतर्फ ज्ञान ज्योती, वड्स एकेडेमी, नेश्नल क्रियशन र कास्की मोर्डनाइज्ड एकेडेमी अन्तिम चारमा पुगेका छन्। शुक्रबार हुने सेमीफाइनलमा पहिलो खेलमा ज्ञान ज्योतीले वड्स एकेडेमीको सामना गर्नेछ भने दोश्रो खेलमा नेशनल क्रियशन र कास्की मोडनाइड भिड्ने भलिबल प्रतियोगिताका संयोजक प्रकाश राज वाग्लेले जनाएका छन्। प्रतियोगिता अन्तर्गत ज्ञान ज्योतीले सिद्धार्थ लभडेललाई २-० को सोभो सेटमा र वड्स एकेडेमीले डायमण्डलाई २-० ले, नेशनल क्रियशनले अक्सफोर्डलाई २-० र कास्की मोर्डनाइजले त्रिवेणी पब्लिकलाई २-० को सोभो सेटमा पराजित गर्दै सेमीफाइनलको यात्रा तय गरेका हुन्। बिहिबार भलिबलतर्फ १० खेल सम्पन्न भएका छन्। शुक्रबार फाइनल खेल सँगै तेश्रो स्थानका लागि खेल हुनेछ।

# बरेली पौडेलको कुलपूजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

कास्की। पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको बर मुल थलो भएका बरेली पौडेलहरुको कूलपूजा आज धान्य पूर्णिमाको दिन भव्य रुपमा सम्पन्न भएको छ।

प्रत्येक पाँच वर्षको अन्तरालमा हुने कुलपूजामा बर मूल थलो भई सेवा, पेशा र व्यवसाय लगायतका कारणबाट हाल स्वदेश तथा विदेशका विभिन्न भागमा बस्दै आएका ९३ घरकुरिया यसपटकको कुलपूजामा सहभागी बनेको बरेली पौडेल वंश तथा कुल पूजा व्यवस्थापन समितिका अध्यक्ष अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो। कूलपूजालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि विभिन्न उपसमिति गठन गरिएकोमा उप समितिहरुले आ आफ्नो जिम्मेवारी अनुसार कार्यसम्पादन गरेको समितिका सचिव कमलप्रसाद पौडेलले जानकारी दिनुभयो। कुलपूजामा बरेली पौडेल बन्धुबाटै महागरुड पुराण पारायण गरिएको प्रचारप्रसार उपसमितिका संयोजक वासुदेव पौडेलले जानकारी दिनुभयो। समितिद्वारा प्रत्येक कूलपूजाको क्रममा बरेली पौडेलहरूमा ८० वर्ष पूरा गर्नुभएका ज्येष्ठ नागरिकलाई सम्मान गर्ने गरिएकोमा यस वर्ष सात जना सम्मानित बन्नुभएको छ। सम्मानित हुनुहुनेमा उपस्थित कुलवृद्ध मध्येबाट तीलकराम पौडेल सहित चर्तुभुज शर्मा पौडेल, मार्यादेवी पौडेल, तोकनाथ पौडेल, तारा शर्मा पौडेल, हरिकला पौडेल, सीतादेवी पौडेल रहनुभएको समितिले जनाएको छ।

# भेडाच्याङ्ग्राको गोठ सार्दै पशुपालक किसान

रासस
मनाङ, २२ मंसिर

"चिसो बढ्दै गएको छ। जाडो बढ्दै गएपछि गाउँ रित्तिँदैछ। चिसोमा भेडाच्याङ्ग्राको पाठापाठी र चौरीको बाच्छाबाच्छी बचाउनै मुस्किल हुन्छ", हिमाली जिल्ला मनाङको ङिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय पशुपालक किसान याङदुङ गुरुङ भन्नुहुन्छ।

"पानी जम्दैछ। लेकमा बस्न सकिँदैन। लेकमा घाँस पनि सकिन थाल्यो। लेकबाट बैंसी झारेर बचाउन लागिरहेको छु", उहाँ भन्नुहुन्छ, "यी पशुको माया लाग्छ, छोडेर कहीँ जान सक्दिन। यिनैको मायाले यही पानी तताएर खुवाउँदै बसेको छु।" भेडाच्याङ्ग्रा र चौँरीसहित गोठाला बैंसी झरिसकेका उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पानी पऱ्यो भने अब माथि मात्रै होइन यहाँ पनि हिउँ पर्छ। माथि चिसो भएपछि यहाँ झरेका हौँ। यहाँ पनि चिसो बढ्दैछ। अब बैंसीमै बस्ने हो। अब एक सातामा सबै तल झर्छन्। भेडाका पाठा कठ्याङ्ग्रिन थालेपछि तल झरेका छौँ।" उहाँको गोठमा अहिले ६५ चौंरीलगायत भेडाच्याङ्ग्रा गरी ७० पशु रहेका छन्। नार्पभूमि गाउँपालिकाका निवर्तमान अध्यक्ष मिङ्मार छिरिङ लामा भन्नहुन्छ, "वस्तुभाउको व्यवस्थापन गरेर गाउँबाट बैंसी झर्छन् यहाँका स्थानीयवासी। अबको एक सातामा पूरै गाउँ रित्तिन्छ।" जाडोमा गहुँ, फापरका नल खुवाएर राखिने गरिएको उहाँ बताउनुहुन्छ। मनाङका अधिकांश स्थानीयवासी पशुपालनमा आबद्ध छन्। त्यसले गर्दा उनीहरू वर्षमा दुई पटक लेकबैंसी गर्ने गर्छन्। बर्सातको समय लेक र हिउँदको समय बैंसी झर्ने उनीहरूको परम्परा जस्तै हो। उहाँले अब चैत पहिलो साता मात्रै लेक चढ्ने बताउनुहुन्छ। "हामीले हिमलुङ हिमालको फेदी, आइसलेक, नाम्केे लेकको फेदीसम्म चौँरी, भेडाच्याङ्ग्रा चराउन लैजाने गरेका छौँ। अहिले त त्यो क्षेत्रमा हिउँ परेको छ, त्यहाँ बस्न सकिन्न, भेडाच्याङ्ग्रा राख्न पनि सकिन्न", उहाँले भन्नुभयो, "अब चैत महिनासम्म यहीँ हुन्छौँ, सुकेका घाँस खुवाएर राख्छौँ।" उहाँले पुस र माघ दुई महिना भेडीगोठ गाउँ नजिकै राखिने र फागुन लागेपछि गाउँभन्दा माथिका खर्कमा लैजाने बताउनुभयो। लेकमा बस्न घाँस पनि सकिएको उहाँको भनाइ छ। उहाँले पानी नपरे पनि गोठ नै पुरिने गरी तुसारो परेपछि पशुपालक बैंसी झरेका बताउनुभयो। "अहिले छिट्टै चिसो बढ्यो। पहिले पुस लाग्दा बल्ल गाउँ झरिन्थ्यो, अहिले पुस लाग्न १०/१२ दिन छँदै सबै गोठाला बैंसी झरिसकेका छन्। चिसोले भेडाच्याङ्ग्रा, चौँरी बिरामी पर्न थाले। गोठाला पनि बिरामी हुन लागेपछि हामी सबै तल झरेका छौँ", उहाँले भन्नुभयो। मनाङका पशुपालक किसानले अहिले पनि पुर्ख्यौली पेसा अँगाल्दै आएका छन्। यहाँ उत्पादन हुने पशुचौपाय जिल्लामा नै खपत हुने गरेको किसान याङदुङ बताउनुहुन्छ। केही युवा पुस्ता यसै पेसामा आबद्ध रहेको उहाँ बताउनुहुन्छ। भेडापालनका लागि पर्याप्त चरन क्षेत्र भए पनि युवापुस्ता यो व्यवसायभन्दा पर्यटन व्यवसायतर्फ आकर्षित भएको उहाँको भनाइ छ।

"पहिलेपहिले गाउँका धेरै मान्छेले भेडाच्याङ्ग्रा र चौँरी पाल्ने गर्थे। लेकतिर जाँदा पनि रमाइलो हुन्थ्यो। सबै एकैपटक जान्थ्यौँ। नजिक नजिक गोठ बनाएर बस्ने गर्थ्यौं। अहिले हरेक वर्ष गोठाला घट्दै गएका छन्", उहाँ भन्नुहुन्छ, "पुराना बूढापाका नसक्ने भए। युवा पर्यटन व्यवसायतर्फ लाग्न थालेपछि पशुपालन कम भएका छन्।" उहाँले अरु व्यवसायको तुलनामा पशुपालन निकै चुनौतीपूर्ण भएकाले अहिलेका युवा गोठमा नबस्ने र पशुचौपाया पाल्नतिर ध्यान नदिने बताउनुभयो। देशैभर चिसो बढ्ने क्रममा छ। चिसो बढेसँगै हिमाली जिल्ला मनाङका किसान तथा स्थानीयवासीलाई जीवनयापनमा सकस हुने गर्दछ।

# घर्मेली पौडेल बन्धुको कुल पुजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ मंसिर

पोखरा महानगरपालिका वडा नं १९ घार्मीमा मुल थलो भई देशका विभिन्न भागमा बसोबास गर्ने पौडेल बन्धुको कुल पुजा सम्पन्न भएको छ।

कुल मन्दिर स्थल घार्मीको देउतीपुञ्जेमा रहेको कुल मन्दिरमा २ दिनसम्म चलेको पुजामा मन्दिरको प्राण प्रतिष्ठा सहित सत्यनारायण पुजा गरि नुका साथै १३ जना पुरोहितद्वारा श्रीमद्भागवत महापुराण वाचन गरिएको कुल मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष बलराम पौडेलले जानकारी दिनुभयो। कुल पुजाको अवसरमा कुल मन्दिर निर्माणका लागि जग्गा दान गर्ने महेश्वर पौडेल, देउमाया पौडेल, नारायणी पौडेल, लालुमाया पौडेल र झलक पौडेल, मन्दिर निर्माण समितिका अध्यक्ष कृष्णप्रसाद पौडेल, जेष्ठ नागरिक पंडित हिमलाल पौडेललाई समितिले दोसल्ला ओढाएर सम्मान गरेको छ समितिले मन्दिर निर्माणमा सहयोग गर्नेहरूलाई धन्यवाद दिनुका साथै मन्दिर परिसरलाई थप व्यवस्थित बनाउन सहयोगका लागि आग्रह गरेको छ। कुल पुजामा भजन कीर्तन सहित रातभर जाग्राम बसेर कुल देवताको आराधना गरिएको समितिका सचिव बाबुराम पौडेलले जानकारी दिनुभयो।

परम्परा देखि नै हुदै आएको पुजामा देशका विभिन्न भागमा बसोबास गर्ने घर्मेली पौडेलको सहभागीता रहेको थियो।